स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



घरेलु बक्स अफिसमा फिल्म 'घरज्वाइँ' नपत्याउने खोलाजस्तै बन्यो। निरन्तरको वर्षा र ठूला भारतीय फिल्मको चुनौतीका बीच गत असार २८ गतेबाट प्रदर्शनमा आएको फिल्मका गीतदेखि ट्रेलरले समेत खासै राम्रो हाइप बनाएका थिएनन् । तर, हलमा भने दर्शक ओइरिए । अन्ततः यो वर्षको चौथो हिट फिल्म बनेको छ । यसअघि 'बोक्सीको घर', 'मनसरा' र 'पूजार सार्की' सफल भएका थिए ।

आजको विचार...



केमा... (दुई पेजमा)

राजन भट्टराई

दुई हप्ताअघि सार्वजनिक गरिएको फिल्म 'बेहुली फ्रम मेघौली'को 'छड्के सलाम' गीत युट्युब प्लेटफर्ममा रुचाइएको देखिन्छ। ३१ लाखभन्दा बढीले हेरिसकेको यो गीतको पहिलो पंक्ति 'हैन भने है मेरी बुहारीलाई, मै गरम्ला घरको काम'मा सयौँ टिकटक र रिल्स बनेका छन् । र, यो संख्या बढ्दो छ । यसले गीतलाई चर्चित मात्र बनाइसकेको छैन, फिल्मप्रति दर्शकको चासो पनि बढाएको छ । गीतको चुलिँदो लोकप्रियतालाई मध्यनजर गर्दै फिल्मका निर्माताले दर्शकलाई एउटा गजबको अवसर दिने भएका छन् ।



❐ वर्ष ३० ❐ अंक ४७ ❐ २०८१ भदौ १६ गते आइतबार 1 September 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# देशकै ठूलो अस्पताल बन्दै 'लुम्बिनी अस्पताल'

## १२ सय शैयाको भवन शिलान्यास

हाम्रा संवाददाता

**बुटवल,** भदौ १५/लुम्बिनी प्रादेशिक अस्पताल देशकै ठूलो अस्पताल बन्ने बाटोमा अगाडि बढेको छ । लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा लिइएको यो अस्पतालको शनिबार १ हजार २ सय शैयाको भवन शिलान्यास भएसँगै देशकै ठूलो अस्पताल बन्ने निश्चित भएको हो ।

अन्य कुनै अवरोध सिर्जना नभए अबको ५ वर्षमा अस्पतालको १२ तले भवनको छतमा हेलिप्याडबाट इमर्जेन्सीसम्म सुविधायुक्त लिफ्ट, आधुनिक प्रविधि र अत्याधुनिक उपकरण, सामान्य ओपीडीदेखि मुटु र क्यान्सरसहितका सम्पूर्ण विशेषज्ञ सुविधासहितको सेवा उपलब्ध हुने छन् । प्रदेश सरकारको ६ अर्ब १८ करोड बढीको लागतमा निर्माण हुने अस्पताललाई लुम्बिनी प्रदेशको 'ड्रिम प्रोजेक्ट'का रूपमा हेरिएको छ । लुम्बिनी प्रदेश सरकार स्थापना भएपछि प्रदेश सरकार मातहतमा आएको प्रादेशिक अस्पतालको स्तरवृद्धिको प्रयास सुरु भएको थियो । प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेल हुँदै अघि





बढेको अस्पतालको नयाँ भवन बनाउने प्रक्रियाले अहिले आएर मात्र मूर्तरुप लिन लागेको हो । यसअघि पनि अस्पतालको भवन निर्माणका लागि दुई पटक टेन्डर आह्वान भएको थियो । तर, भवन निर्माण मापदण्डको 'स्पेसिफिकेसन'मै आशंका भएपछि दुवै टेन्डर र सम्झौतासमेत रद्द गरिएको थियो । अहिले सम्पूर्ण प्रक्रिया पूरा भई ठेक्का लागेर निर्बाध रुपमा काम भइरहेको छ ।

यस अघि भवन निर्माणको शिलान्यास पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले गर्ने तयारी भइरहेको भए पनि सत्ता समिकरणका कारण नयाँ सरकार गठन भएपछि त्यो अवसर उनले पाउन सकेनन् । अन्ततः अर्थमन्त्री विष्णु पौडेल र लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संयुक्त रुपमा भवनको शिलान्यास गरे । प्रदेश सरकारको पूर्वाधार विकास प्राधिकरणले तयार गरेको गुरुयोजनाअनुसार अस्पतालको मुख्य भवन १२ तलाको हुनेछ । दुई तला अन्डरग्राउण्ड पार्किङ हुनेछ । त्यस्तै पाँच तलाको क्यान्सर उपचारको छुट्टै भवन हुनेछ । पाँच तलाको भवनमा एक तला अन्डरग्राउण्ड पार्किङ हुनेछ । पूर्व-पश्चिम राजमार्गमै बुटवल उपमहानगरपालिका-९ स्थित बुटवलको मध्य भागमै रहेको अस्पतालको ६ बिघा १२ कट्ठा क्षेत्रफलमा भवन निर्माण हुनेछ । भवनको शिलान्यास गर्दै अर्थमन्त्री विष्णु पौडेलले समयमा काम गरेमा कुनै पनि आयोजनाका लागि बजेट अभाव नहुने बताए । उनले भवनमात्र निर्माण गरेर नहुने उल्लेख गर्दै त्यसको प्रभावकारी व्यवस्थापनमा प्रदेश सरकारले ध्यान दिनुपर्ने उल्लेख गरे । मन्त्री पौडेलले अस्पतालको भवन निर्माणसँगसँगै जनशक्ति र उपकरण व्यवस्थापनको प्रक्रिया पनि बेलैमा योजना बनाएर अघि बढ्न आग्रह गरे । उनले भवन पूरा हुँदा पूर्ण क्षमतामा सेवा सञ्चालन पनि एकसाथ गर्न सकिने गरी काम गर्न प्रदेश सरकारलाई सुझाव दिए । कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्यले अस्पताल भवनले सिङ्गो प्रदेशको मात्र नभएर देशकै स्वास्थ्य क्षेत्रलाई परिवर्तन गर्ने बताए । प्रदेशसभाका सभामुख तुलाराम घर्तीले नयाँ बन्ने अस्पताल भवनले आधुनिक अस्पतालको आवश्यकतालाई पूरा गर्ने विश्वास व्यक्त गरे । निवर्तमान मुख्यमन्त्री जोखबहादुर महराले अस्पताल निर्माण प्रक्रिया केही वर्षअघि नै सुरु भए पनि विविध कारणले हुन नसकेको स्मरण गर्दै शिलान्यासको चरणमा आइसकेकाले अब छिट्टै हुने बताए । प्रदेशका स्वास्थ्यमन्त्री खेम सारुले अस्पतालको हालको अवस्थाबारे जानकारी गराउँदै स्तरोन्नतिपछि यो नमूना अस्पताल बन्ने विश्वास व्यक्त गरे । -बाँकी अन्तिम पेजमा

## गुल्मीमा तीन हजार करदाताले बुझाएनन् कर विवरण

तेजेन्द्र कुमार श्रेष्ठ

**गुल्मी,** भदौ १५/जिल्लामा ३ हजार करदाताले कर विवरण नबुझाएको पाइएको छ । आर्थिक वर्ष २०८०/२०८१ मा जिल्लामा १३ हजार २ सय ८७ करदाता दर्ता भएकोमा ३ हजार करदाताले कर विवरण नबुझाएको पाइएको हो ।

करदाता सेवा कार्यालयका अनुसार कूल करदाता मध्ये १० हजार २ सय ८७ करदाताले आफ्नो कर विवरण बुझाए पनि तीन हजार करदाताले समयमा आयकर विवरण नबुझाएका हुन् । समयमै कर विवरण नबुझाएका करदातालाई जरिवानाबाट बचन नियमित रुपमा फोन र सुचनामार्फत जानकारी गराउने, नियमित बजार अनुगमनसँगै ननफाइलरको (विवरण नबुझाएका) संख्या कम गर्न पालिकागत तथा उद्योग




वाणिज्य संघ गुल्मीको समन्वयमा सूचना प्रवाह गरिएको सूचना अधिकारी इन्दिरा नेपालले बताइन् । आर्थिक मन्दी र बढ्दो बसाईंसराइले गर्दा व्यवसाय सञ्चालनमा कमी आएको कारण करदाताको दर्ता र खारेजी गर्ने क्रम समेत जिल्लामा वृद्धि हुँदै गएको छ । करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृत सुरज बस्यालका अनुसार गत आर्थिक वर्षमा ६ सय ८९ नयाँ ब्यबसाय दर्ता भएकोमा सोहि अवधिमा ५ सय ७२ व्यवसाय,फर्म खारेजी गरिएको छ । कार्यालयबाट करसम्बन्धी सेवाप्रवाह, बजार अनुगमन, कर संकलन, खाता प्रमाणित, भ्याटमा दर्ता, कारोवार परिवर्तन, अन्तशुल्क संकलन, व्यवसाय खारेज, कर शिक्षा जस्ता सेवा प्रवाह कार्यालयमार्फत काम भएको कार्यालयका प्रमुख बस्यालले बताए । यहाँ आर्थिक वर्ष ०८०/८१ मा ३९ करोड ८५ लाख ३३ हजार राजस्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्षको भन्दा गएको आर्थिक वर्षमा ३ करोड बढी राजस्व संकलन भएको करदाता सेवा कार्यालयले जनाएको छ । आर्थिक वर्ष ०७९/८० मा ३६ करोड ७२ लाख ४२ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा गएको आर्थिक वर्षमा ३ करोड १२ लाख ९१ हजार राजस्व संकलन भएको हो ।

### संक्षिप्त समाचार

## पहिरोमा परी १२ जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**इस्लामाबाद,** भदौ १५/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा शुक्रबार बिहान पहिरोमा परी १२ जनाको मृत्यु भएको उद्धार टोलीले जनाएको छ । दुर्घटना माथिल्लो दिर जिल्लामा भएको हो ।

यहाँ पछिल्ला केही दिनदेखि भारी वर्षा भइरहेको सरकारी उद्धार संगठनले एक विज्ञप्तिमा जनाएको छ । पहिरो जाँदा घरभित्र सुतिरहेका तीन महिला, छ बालबालिका र तीन पुरुषसहित मृत्यु हुनेमा एकै परिवारका सदस्य रहेको विज्ञप्तिमा उल्लेख छ । सबै शव भग्नावशेषबाट निकालिएको र पहिरोको भग्नावशेषबाट क्षेत्र खाली गर्न उद्धार कार्य जारी छ ।

पाकिस्तानका केही भागमा हाल मुसलधारे वर्षा भइरहेको छ । भारी वर्षाले अचानक बाढी र धेरै जिल्लाहरूमा पहिरो निम्त्याउने गरेको छ ।

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**
**सरकारी निकायले विज्ञापन गर्दा:**

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं,
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं,
- सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकि रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## सत्य निरूपण विधेयक पारितको सार्थकता

राष्ट्रपति रामचन्द्र पौडेलद्वारा संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक प्रमाणिकरण भएको छ । संघीय संसद्का दुवै सदनबाट पारित भएर आएको उक्त विधेयक नेपालको सविधानको धारा ११३ को उपधारा २ बमोजिम गत बिहीबार प्रमाणीकरण गरिएको हो । गत साउन ३० मा प्रतिनिधिसभाबाट पारित भएको विधेयक यही भदौ ६ गते राष्ट्रियसभाले पारित गरेको थियो । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि अब यस विधेयकले कानुनको मान्यता पाउने व्यवस्था छ । लामो समयपछि प्रमुख तीन दल काँग्रेस, एमाले र माओवादीबीच राजनीतिक सहमती भएसँगै विधेयक पारित हुन सकेको हो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक बहुमतबाट पारित हुनुलाई सकारात्मक रुपमा लिनुपर्छ । यद्यपी विधेयक पारित हुनु नै शान्ति प्रक्रियाका सबै काम सकिएको जसरी व्याख्या गर्नु चाही उचित होइन् ।

यो ऐन संशोधनलाई प्रमुख दलका शीर्ष नेताहरूले शान्ति प्रक्रियाको टुंगिन बाँकी अन्तिम कामका रूपमा व्याख्या गरेका छन् । तर कानून बन्नुलाई नै शान्ति प्रक्रियाका सबै काम सकिएको जसरी व्याख्या गर्नुलाई सान्दर्भिक मान्न सकिदैन । दशक लामो सशस्त्र द्वन्द्वको नेतृत्व गरेको नेकपा (माओवादी) र त्यति बेला सरकारको नेतृत्व गरेको नेपाली काग्रेस मात्रै होइन, सत्तारूढ नेकपा (एमाले) लगायतका दल यो ऐन संशोधनको सन्दर्भमा एक ठाउँमा आउनु स्वागतयोग्य छ । तर सहमतिका नाममा प्रतिनिधि सभामा पर्याप्त छलफल नगरी पारित गर्नुलाई सकारात्मक रूपमा लिन सकिदैन । मिनिसंसद्बाट सर्वसम्मतिले पारित भए लगत्तै एकथरी द्वन्द्वपीडित विधेयकको समर्थन र अर्काथरी विरोधमा देखिए । दोषी ठहरिएका पीडकले पाउने सजाय घटाइएको, हत्या, यातना, युद्ध अपराध तथा मानवता विरुद्धका अपराधलाई गम्भीर अपराधको श्रेणीमा नराखेको लगायत प्रावधानलाई समर्थन गर्न नसकिने अधिकांश पीडितहरूको मत छ । विधेयकका कतिपय अन्तर्वस्तुमा असहमत भए त्यसलाई समेत सरकारले सम्बोधन गरेर अगाडि बढ्नुपर्छ । कानून बनिसकेपछि आयोगले कति प्रभावकारी रूपमा काम गर्न सक्छ भन्नेसँग सिंगो शान्ति प्रक्रियाको भविष्य जोडिएको छ । तर त्यसका लागि आयोग गठन निष्पक्ष र प्रभावकारी हुन जरूरी छ । यसर्थ आयोगले पीडितलाई चित्त बुझाएर काम गर्न सक्यो भने मात्र यो विधेयक पारित भएकोको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

बाँचुन्जेल हरेक दिन स्मरणीय पलहरु बिताउने गरौं ।
मरेपछि त भित्ताको एउटै तस्बिरले युग बिताईदिनेछ।
*(सुनिल अधिकारीकोफेसबुक स्टाटसबाट https://www.facebook.com/adk.sunil)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# केमा केन्द्रित हुनुपर्छ हाम्रो शिक्षा सुधार ?



राजन भट्टराई

भारतीय जनता पार्टीका शिक्षा विभाग प्रमुख मुकुल कानिटकारको उद्घोष छ - भारतीय शिक्षा प्रणाली फ्याक्ट्री मोडल जस्तै छ । उद्योगले सामान उत्पादन गरेझैं शैक्षिक केन्द्रले विद्यार्थी एकमुस्ट उत्पादन गरेर खुला बजारमा पठाएको छ । एकातिर धनी मुलुकले डिभी र पिआरका टेन्डर खोलेर प्रतिभाशाली विद्यार्थी खरिद गरेका छन्, अर्कातर्फ बचेखुचेका युवा जनशक्ति श्रमिक बनाएर मुलुकले निर्यात गरेको छ । भारत मस्तिष्कको खडेरी (ब्रेन ड्रेन) मा रूमलिएको छ । भारतीय शिक्षा 'वैयक्तिक सदाचार, श्रम र समृद्धि' को राष्ट्रिय मार्गचित्रमा रूपान्तरण जरूरी छ ।

नेपालको शिक्षाको नियति ठयाक्कै यस्तै छ । मानवपुंजीको विकास र लगानीमा राज्यले चुकाएको मूल्यको लेखाजोखा छैन् । नेपालमा अहिले ३५ हजार प्रारम्भिक बाल विकास केन्द्र, ३६ हजार विद्यालय, १७ वटा विश्वविद्यालय अन्तर्गत एक हजार ४३२ कलेज, ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक हजार १३१ प्रविधिक तथा व्यावसायिक शिक्षालय छन् । नेपाली शिक्षाले पहुँच र विस्तारको चरण पार गरेको छ तर गुणस्तरको विषय निकै पेचिलो छ । नेपालमा शैक्षिक सुधारका लागि २०३९, २०४९, २०५५, र २०५८ सालमा गरी पाँचवटा उच्चस्तरीय समितिले प्रतिवेदन प्रस्तुत गरेका छन् । ती दस्तावेज दराजमा सीमित छन् । 'स्कुल सेक्टर रिफर्म प्रोग्राम' र 'सबैका लागि शिक्षा' जस्ता आयातीत शैक्षिक योजना बोकेर विश्व बैंक, एसियाली विकास बैंक देखा परे । ती परियोजनाका उपलब्धि कागजमा लेखिए । विद्यार्थीको मस्तिष्कमा केही पनि लेखिएन । माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा ५२ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भए । स्तरीकृत अंक (जिपिए) का आधारमा एसइई नतिजा विगतको भन्दा खस्किएको छ । यसको बचाउनमा शिक्षा मन्त्रालयको तर्क छ - २०८० सालको एसइईका विद्यार्थीले पहिलोपटक नयाँ पाठ्यक्रमको परीक्षा दिएका हुन् । यसअघिको पास-फेल अंकित नहुने प्रणालीको बदलावको परिणति हो । दोष परीक्षा प्रणालीको हुँदैन । राज्यको नीति निर्माताका प्रयोगशालामा विद्यार्थी भविष्यको बलि दिनुपरेको छ । शैक्षिक उपलब्धिमा राज्य पूर्ण रूपमा खस्केको छ । उच्च शिक्षाको गुणस्तर पनि ध्वस्त छ । विद्यालय तहको अन्तिम परीक्षा ( कक्षा १२) को नतिजामा कुल विद्यार्थीमध्ये ५०.९१ प्रतिशतले मात्रै स्नातक तहमा भर्ना हुन सक्ने नतिजा प्राप्त गरेका छन् । बाँकी ४९ प्रतिशत विद्यार्थीको उच्च शिक्षायात्रा अवरूद्ध भएको छ । अब अयोग्य र असफल नागरिक बनाएर मुलुकले श्रम निर्यात गर्नेछ । यहाँ विद्यार्थी होइन, शिक्षा नीति नै फेल भएको छ । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले शिक्षा क्षेत्रमा टिम खटाएर शैक्षिक थलोभित्रका विकृति पहिचान गरे। उनले शिक्षामा 'दिल्ली मोडल' को सुधार अभियान चलाए । उनको शैक्षिक सुधार खाकामा भनिएको छ- सार्वजनिक स्कुलका शिक्षक आफ्नो दायित्वप्रति बफादार छैनन्, राजनीतिका पिछलग्गु छन् । समुदायले गुणस्तर खोज्न निजी विद्यालय रोजेको होइन, अंग्रेजी भाषाप्रतिको मोह हो । विद्यालय शिक्षा सुधार गर्न न अतिरिक्त बजेट चाहिन्छ, न निजी विद्यालयको राष्ट्रियकरण गर्न नै जरूरी छ । शिक्षा सिकाइ केन्द्रित हुनुपर्छ, अध्यापन केन्द्रित होइन । केजरीवालको निष्कर्ष नेपालको शिक्षासँग ठ्याक्कै मेल खान्छ । राणाकालीन जगमा उभिएको नेपालको शिक्षा पद्धति रूढ छ। शिक्षकको शैली र प्रवृत्ति सनातनी छ, प्रविधियुक्त छैन । पठनपाठन संस्कृति र शैलीमा परम्परागत छ । राज्यले परीक्षाको मापदण्ड फेरबदल गरिरहन्छ तर शिक्षाको दर्रा यथास्थितिवादी छ । पाठ्यक्रम गरी खाने खालको छैन । अभिभावकहरू छोराछोरीको भविष्य अन्धकार भएको टुलुटुल हेर्न लाचार छन् । विद्यार्थी फेल हुँदा शिक्षकको तलब र बढुवा रोकिँदैन, घटुवा हुँदैन । नतिजामा शिक्षकको जबाफदेयिता छैन । विद्यार्थीको सोच नपढी पास हुनुपर्छ भन्ने खालको छ । राज्य नै शिक्षामा मुकदर्शक भएको छ । शिक्षक राजनीतिका जराधार भएका छन् । दलीय राजनीति सुनगाभाझैं शिक्षककै आड-भरोसामा मौलाएको छ । शिक्षक व्यावसायिक हुन् या राजनीतिका कार्यकर्ता हुन्, विभेद गर्न कठिन छ । यस्तो अवस्थामा शिक्षा क्षेत्रमा कायापलट हुने गरी छलाङ ल्याउन जरूरी छ। यसो गर्न निर्मम कदम चाल्नुपर्छ । अब हाम्रो शिक्षा सुधार निम्न पक्षमा केन्द्रित हुनुपर्छ । एक - शिक्षा क्षेत्रको लगानीमा दलीय धारणा स्पष्ट हुनुपर्छ । शिक्षा निजी क्षेत्रको लगानी केन्द्र हो या राज्य केन्द्रित संरक्षण हो, प्रस्ट हुनुपर्छ । शिक्षाले सामुदायिक र निजी समाजको प्रवर्द्धन गरेको छ । समाज धनी वर्ग र विपन्न वर्गमा विभाजित छ । विद्यमान शिक्षा प्रणालीले देशमा दुईखाले नागरिक तयार गरेको छ । यस सन्दर्भमा स्पष्ट राष्ट्रिय मार्गचित्र जरूरी छ । संविधानमा नि:शुल्क र अनिवार्य शिक्षा लगायतको मौलिक हक लेखिएको छ । यसको व्ययभार तथा स्रोतको दिगोपन प्रस्ट छैन । यो सोच्न अत्यावश्यक छ । दुई - नेपालको संविधानले शिक्षाको क्षेत्राधिकार तीन तहमा बाँडफाँट गरेको छ । नीतिगत प्रबन्ध संघमा छ, विद्यालय शिक्षाको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा छ । बाँडफाँट यस्तो भए पनि संवैधानिक क्षेत्राधिकारले स्थानीय तह थिचिएका छन् ।

जनशक्ति, बजेट र अनुगमन संयन्त्रको क्षमता स्थानीय तहसँग छैन । शैक्षिक उन्नयनमा प्रदेशको भूमिका शून्यप्राय: छ । स्थानीय तह र प्रदेशबीच साझा र सबल संयन्त्र निर्माण गरी दरबन्दी मिलान, गुणस्तर निर्धारण, अनुगमन र सहजीकरण हुनुपर्छ । प्रदेश सरकारको नेतृत्वमा सशक्त शिक्षा बोर्ड गठन हुनुपर्छ । शैक्षिक गुणस्तरको कसी बनाउन प्रदेश सक्रिय हुनुपर्छ । प्रदेश सरकार केजरीवालको सरकारझैं शिक्षा र स्वास्थ्यमा काबिल बन्न सक्नुपर्छ । तीन - कक्षाकोठा, डेस्क-बेन्च, खानेपानी, शौचालय, प्रविधि अभावले विद्यालय प्रताडित छन् । शैक्षिक थलो कालकोठरी होइन, बाल मनोविज्ञानका बगैंचा हुनुपर्छ । नेपालमा विद्यालयभित्र प्राथमिक उपचार कक्ष, परामर्श कक्ष, बगैंचा त स्वैरकल्पना हुन् । दिल्लीमा केजरीवाल सरकारले तीस हजार कक्षाकोठा थप र सौन्दर्यीकरण गरेको थियो । यता हाम्रा अधिकांश विद्यालय भवन खण्डहर छन् । फिनल्यान्ड सरकारले विद्यार्थीको गुणस्तर अंकमा मात्र होइन, परीक्षा प्रणाली, पौष्टिक खाना, गुणस्तरीय स्वास्थ्य सेवा, विद्यार्थी-शिक्षक पहुँच, मनोवैज्ञानिक परामर्श, पर्याप्त पूर्वाधार, शिक्षकको जिम्मेवारीमा हुने निष्कर्षसहित बहुकेन्द्रीय ढाँचाबाट शिक्षामा सुधार गरेको थियो । चार - युनेस्कोले शिक्षामा दिगो विकास लक्ष्यभित्रका सूचक हासिल गर्न बर्सेनि कुल बजेटको २० प्रतिशत शिक्षामा विनियोजन हुनुपर्छ भनेको छ । नेपालमा हाल १० प्रतिशत वार्षिक बजेट शिक्षामा विनियोजन भएको छ । यसभित्र निजी क्षेत्रका स्कुलको लगानी समेटिएको छैन । बजेट अभावमा गुणस्तर खस्केको हो कि राज्यको व्यवस्थापकीय पक्षको कमजोरीले हो, यसको अध्ययन भएको छैन । व्यवस्थापन समिति, अभिभावक र शिक्षक शिक्षाका त्रिखुट्टी हुन् ।

यी संयन्त्रलाई उत्तरदायी बनाउन अतिरिक्त बजेट चाहिँदैन । स्थानीय तहदेखि राष्ट्रिय तहको नेतृत्वको दृढ इच्छाशक्ति चाहिन्छ । युरोपका नर्वे, डेनमार्क, फिनल्यान्डले आफ्नो कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशत बराबर मात्र शिक्षामा लगानी गरेको उदाहरण छ । हाम्रो शिक्षाक्षेत्र राजनीतिले गिजोलेको छ । चाणक्यले लेखेका छन् - नेतालाई विद्यालयमा प्रवेश गराउनु हुँदैन किनभने तिनले आफ्ना बफादार मात्र जन्माउन चाहन्छन् । पाँच - नेपालमा विद्यार्थीको सिकाइस्तर कमजोर रहेको तथ्यांक सरकारी निकायले नै जारी गरेका छन् । विद्यार्थी मात्र होइन, शिक्षक पनि उत्तिकै कमजोर छन् । शिक्षक कमजोर भएपछि विद्यालय स्वत: कमजोर हुन्छ । कमजोर स्कुलमा सन्तान पढाउन किन पठाउने? राज्यसँग जबाफ छैन । सबै स्कुलहरूको गुणस्तर शतप्रतिशत समान बनाउन सकिँदैन तर मानक समान हुन्छ । शिक्षामा कार्यरत जनशक्तिमा उत्प्रेरणा जगाउन दक्षता बढाउनु जरूरी छ । छ - शिक्षा क्षेत्रमा राजनीति वनमाराझैं फैलिएको छ । विद्यालय र शिक्षकलाई राजनीतिबाट अलग राख्नुपर्छ । चाणक्यले भनेका छन् - शिक्षक नेताले बफादार कार्यकर्ता बनाउँछ, सच्चा विद्यार्थी बनाउँदैन । अन्तर्राष्ट्रिय श्रम संगठनको कन्भेन्सन नम्बर ८७ र ९८ ले श्रमिकलाई संगठनको अधिकार दिएको हो, राजनीतिक दलको अनुचर बन्न होइन । लोकतन्त्रमा पेसागत संगठन हुनुपर्छ, दलीय होइन । शिक्षा ऐनले दलैपिच्छेका शिक्षक संगठनलाई वैधानिकता दिनु दुर्भाग्य हो । शिक्षकले अन्तर्राष्ट्रिय कन्भेन्सनको अधिकार प्रयोग गर्न पाउनुपर्छ तर विद्यार्थीको भविष्य अन्धकार बनाउने छुट हुँदैन । शिक्षकलाई राजनीतिको आवरणमा अबोध बालबालिकाको भविष्य डुबाउने प्राधिकरण कुन अन्तर्राष्ट्रिय अनुबन्धले दिएको छ ? दलीय नेतृत्वसँग यसको जबाफ हुनुपर्छ । सात - विद्यालयमा प्रधानाध्यापकको भूमिका पाइलटजस्तै हुनुपर्छ । विद्यालय स्वरूपको जहाज उडाएर गन्तव्यमा पुऱ्याउने अभिभारा प्रधानाध्यापकमा हुन्छ । नेपालमा प्रधानाध्यापकको पद तथ्यांक फाराम भर्ने र हाजिरीकापीका रेजा लगाउनेमा सीमित छ । प्रधानाध्यापकको गरिमा र मर्यादा निचो बनाएर शिक्षाको सुधार हुँदैन । शिक्षा ऐनले प्रधानाध्यापक सिनियर शिक्षक हो कि ज्येष्ठ पद हो भन्ने प्रस्ट पार्दैन । प्रधानाध्यापकलाई कानुनले नै कार्यकारी अधिकार सहित विशेषाधिकार दिनुपर्छ । शिक्षा ऐनले प्रधानाध्यापकलाई शिक्षकको खटनपटन गर्ने, कारबाही गर्ने र बढुवा रोक्न सक्नेसम्मको अधिकार दिनुपर्छ । प्रधानाध्यापक छनोट र परिचालनका लागि छुट्टै कानुन हुनुपर्छ । पाँच पाँच वर्षमा प्रधानाध्यापकको छनोट र सरूवा हुने व्यवस्था हुनुपर्छ । विद्यालयको विस्तृत रोडम्यापसहित कार्यसम्पादनमा योग्य र काबिल शिक्षकले प्रधानाध्यापक पदको जिम्मेवारी पाउने व्यवस्था हुनुपर्छ । आठ - युनिसेफको अध्ययन ( सन् २०१९) अनुसार नेपालको शिक्षा प्रणालीमा केही संरचनागत व्यावधान छन् । प्राथमिक विद्यालयमा कुल भर्नादर ९७ प्रतिशत पुगेको सरकारी तथ्यांक छ । एक कक्षामा भर्ना हुँदा विद्यार्थीको संख्या लगभग १५ लाख हुन्छ तर १० कक्षा पुग्दासम्ममा पाँच लाख हाराहारी मात्र हुन्छ । विद्यार्थीको टिकाउनु पनि कठिन भएको छ । स्थानीय सरकारको शैक्षिक उत्तरदायित्व कमजोर छ। ट्र्याकिङ विधि बनाउनुपर्छ । विद्यालयगत सिकाइ उपलब्धिह भर्नादरह विद्यालय छाड्नेदरह टिकाउ दरह विद्यालय बाहिर रहेका बालबालिकाको संख्याह कक्षागत, विषयगत तथा तहगत सिकाइ उपलब्धि आदि शैक्षिक तथ्यांक अभिलेख नियमित हुनुपर्छ ।

यी वस्तुस्थितिको विश्लेषण गरेर त्यसकै आधारमा नयाँ कार्यनीति तर्जुमा गर्नुपर्छ । नौ - राष्ट्रको शिक्षा प्रणाली र समृद्धि आपसमा सम्बन्धित हुन्छन् । नागरिकले सिकेको ज्ञान, सीप, श्रम र व्यवहार उत्पादनसँग जोड्नुपर्छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धी जनशक्तिसहित रोजगारी सुनिश्चित गर्ने पाठ्यक्रम लागू हुनुपर्छ । वर्तमान शिक्षा प्रणालीले उत्पादित जनशक्तिलाई स्वदेशमा श्रम गर्नबाट विमुख बनाएको छ । दस - राज्यले शिक्षकको पेसागत सुरक्षा, सम्मान र प्रोत्साहनका लागि कार्यनीति बनाएर कार्यान्वयन गर्नुपर्छ । डिजिटल शिक्षाको प्रविधि र शैली आत्मसात गर्नुपर्छ । तहगत र विषयगत शिक्षकहरूको समूह निर्माण, क्रियाशीलता, अनुभव आदानप्रदान, सिकाइ सामग्री विकासबाट गुणस्तर अभिवृद्धिमा केन्द्रित हुनुपर्छ । खस्किँदो विद्यालय सुशासनमा राज्य हस्तक्षेपकारी हुनुपर्छ । शिक्षाको स्तरले मुलुकको मानवपुँजीको रूपान्तरण मात्र होइन, मुलुक समृद्धिको वकालत गर्दै समाज रूपान्तरणको दिशा निर्धारण गर्छ । गुणस्तरीय शिक्षा सामाजिक आवश्यकता, राष्ट्रिय माग र अन्तर्राष्ट्रिय परिवेश अनुरूप हुनुपर्छ । शिक्षा अक्षरको खेती मात्र होइन ।

***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ। |
| **बृष** :मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** : शरीरमा स्फूर्ति बढ्नेछ । प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान् । |
| **कर्कट** :व्यवसायबाट सोचेको लाभ मिल्नेछ । अरूको मन जित्न सकिनेछ। | **मकर** :व्यवसायिक भ्रमण गर्ने मौका आउला। आतिथ्यपूर्ण सम्मान पाइनेछ। |
| **सिंह** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** :धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** :समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ |

## कृषि

# कृषि वैज्ञानिक पौडेललाई कारवाही हुने




नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का कृषि वैज्ञानिक कपिल पौडेल कारबाहीमा पर्ने भएका छन् । निर्देशक आवास गृहमा ताला फोडेर पौडेल प्रवेश गरेको विषयमा नार्कका निर्देशकहरूको हालै बसेको बैठकले उनलाई कारबाही गर्ने निर्णय गरेको नार्कका प्रवक्ता डा लुमानिधि पाण्डेले बताए । कारबाही के कस्तो हुन्छ भन्ने विषयमा पाण्डेले खुलाएनन् ।

यस विषयमा नार्क निर्देशकहरूलाई प्रशासनले एक पत्र लेख्दै उनी आवास गृहमा प्रवेश गरेको जानकारी गराएको थियो । गएको साउन १८ गते ललितपुरको नार्क परिसरमा रहेको निर्देशक आवास गृहमा पौडेल ताला फोडी भित्र बसोबास गरेका थिए । प्रशासनले लेखेको पत्रमा भनिएको छ, 'नेपाल कृषि अनुसन्धान परिषद् केन्द्रीय कार्यालयको खुमलटारस्थित कार्यकारी निर्देशक आवास गृहमा मिति २०८१।०४।१८ गतेका दिन राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा कार्यरत वैज्ञानिक एस. २ पद/तहका श्री कपिल पौडेलले आवास गृहमा लगाएको ताला फोडी बसेको भन्ने सुन्नमा आएकोले आज मिति २०८१।०४।२३ गते उक्त आवास गृहमा गई अवलोकन गर्दा यस परिषद्बाट लगाइएको ताला फोडी निजले सामानहरू राखेको र बसोबास गरेको देखिन आएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।'

सो आवास गृहमा भएका सामानहरू आवास गृहमा नै रहेको र सो सामानहरूको सम्बन्धमा आफूलाई कुनै जनाकारी नरहेकोसमेत पत्रमा उल्लेख छ । पौडेलले निर्देशकको आवास गृहमा ताला फोडी बसोबास गरेको चर्चापछि प्रशासनले छानबिनको मागसहित सो पत्र लेखेको हो ।

*-रातोपाटी डटकम*

# रातो बाँदरलाई कृषि हानिकारक घोषणा गर्दै सरकार



वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरी रापपत्रमा प्रकाशित गर्न लागिएको बताएका छन् ।

प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकमा बोल्दै मन्त्री ठकुरीले कृषि हानिकारक वन्यजन्तुमा बँदेलको म्याद थप गरिएको पनि बताए । सरकारले गत वर्ष समितिको निर्देशन अनुरुप एक वर्षको लागि बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको थियो । अहिले थप एक वर्ष म्याद थपिएको उनले बताए ।

साथै मन्त्री ठकुरीले रातो बाँदरले किसानको खेतबारीमा बालीनाली वा धनजनको हानि-नोक्शानी पुऱ्याएकाले कृषि हानिकारक वन्यजन्तुमा बँदेलसँगै राखिएको बताए । 'बँदेललाई कृषि हानिकारक भनिएको थियो, त्यसको म्याद थप्प गर्दै रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तुको रुपमा राखिएको छ,' उनले भने । फरक प्रसंगमा मन्त्री ठकुरीले पूर्वाधार निर्माणमा वनको कारणले रोकियो भन्ने व्यापक गुनासो आएको भन्दै मन्त्रालयले अब सडक निर्माण, खानेपानी, जलविद्युत आयोजनामा वन मन्त्रालयले छिटो छरितोसँग काम गर्ने प्रयास गरिरहेको बताए ।

मन्त्रालयले अब वनको कारणले आयोजनाहरुको काम अगाडि बढेन भन्ने गुनासो आउन नदिने गरी काम गरिरहेको बताए । सरकाले जलवायु परिवर्तनको विषयमा गम्भीर भएर काम गरिरहेको उनको दाबी छ । 'पूर्वाधार निर्माणमा वनको कारणले रोकियो भन्ने व्यापक आरोप आइरहेका छन् । अब सडक निर्माण, खानेपानी, जलविद्युत आयोजनामा वन मन्त्रालयले छिटो छरितोसँग काम गर्ने प्रयास गरिरहेका छौं । त्यही अनुसारको योजना अघि बढेको छ । मन्त्रालयले त्यो गुनासो आउन नदिने काम गर्दछ,' उनले भने ।

*- सेतोपाटी डटकम*

# कोसीमा : किसानले नगद होइन अब पाउनेछन् बैंक ब्याज



वास्तविक किसानले नपाउने र अन्य नै हाबी हुन थालेपछि विकृति रोक्न कोसीमा कृषिसम्बन्धी अनुदानमा अब बैंक ब्याज मात्र उपलब्ध हुनेछ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रलाई दिँदै आएको सबै बजेट कटौती गरी कषि ऋणको ब्याज अनुदानका लागि भनेर ४५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । सोझै अनुदान दिँदा विकृति बढी भई वास्तविक किसान अनुदानबाट बञ्चित थिए । प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता भएको छ । यसअघि नगद दिने व्यवस्थाले अधिक विकृति बढाएको थियो । संशोधनपछि सरकारले किसानले खेतीपाती, व्यवसाय प्रवर्द्धन आदिमा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गरेको ऋणमा लाग्ने ब्याजमा अनुदान दिनेछ । नेताका आसोपासे, मन्त्रीका नातेदार र कार्यकर्ता केन्द्रित भएपछि कोसीमा कृषिसम्बन्धी अनुदानको व्यवस्था बदनाम भएको थियो । प्रदेश सरकारले ऐन संशोधन गरेर विकृति रोक्ने पहल लिएको छ । मुख्यमन्त्री हिक्मत कार्कीले प्रदेशसभाबाट ऐन संशोधन गर्ने कार्य दसैँअगावै सक्ने तयारी रहेको र किसानलाई ब्याजमा सहयोग गर्ने सरकारको मनसाय रहेको बताए । उनले भने, "प्रदेशसभालाई ऐन संशोधनसहित सरकारले प्रशस्तै बिजनेस दिएको छ । अब सभाको बैठक निन्तर हुन्छ ।" कोसीमा भदौ १४ गतेलाई प्रदेशसभा बैठक बोलाइएको छ ।

**यस्तो हुँदैछ व्यवस्था**

सरकारले ब्याजवापतको अनुदान रकम वितरण प्रक्रिया र अनुदानसम्बन्धी मापदण्ड कार्यविधिमा तोकेर उपलब्ध गराउने तयारी गरेको छ । अनुदानसम्बन्धी, ऐन २०७७ को दाफा ४ को उपदफाको खण्ड 'ङ' लाई संशोधन गर्न उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धिसम्बन्धी कार्य गर्दा बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्थाबाट लिएको ऋणको ब्याज वापतको रकम अनुदान दिने विधेयकमा उल्लेछ ।

तर, सरकारले एकै अनुदानग्राहीलाई एक अनुदान मात्र उपब्लध गराउने विधेयकमा स्पष्ट छ । दफा ५ मा खण्ड 'घ' थप गरी ब्याजवापतको अनुदान रकम वितरण प्रक्रिया र अनुदानसम्बन्धी मापदण्ड कार्यविधिमा तोकिएबमोजिम गर्ने विधेयकमा जनाइएको छ । साना किसानहरूलाई छोटो अवधिको लागि अवश्यक पर्ने सानो आकारको कर्जा रकम बैंकले उपलब्ध नगराउने भएकोले वित्तीय र सहकारी संस्थालाई आवद्ध गर्दा साना किसानलक्षित गरी सानो कर्जा उपलब्ध गराउन सहज हुने सरकारको दाबी छ ।

**पहिले केमा थियो अनुदान ?**

उद्योग, कृषि तथा सहकारी मन्त्रालयले किसानलाई बिउ बिजन, उपकरण आदिमा अनुदान दिँदै आएको थियो । तर, अनुदान लिनेहरू वास्तविक किसान नभएको भेटिएपछि मन्त्रालयबाट सञ्चालित कार्यक्रम रोकिएको थियो । कृषि उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्यले कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र व्यवसायीलाई लाखौं रकम अनुदान वितरण भएको थियो । कृषि उपकरण, पूर्वाधार निर्माण, मल, बीउ, औजार चिस्यान केन्द्र, शीत भण्डार, संकलन केन्द्र, गोदाम घर र रेफ्रिजिरेटर जडित ढुवानी साधन खरिद आदिमा रकम दिने गरेको थियो । जैविक खेती तथा माछापालन, कुखुरा पालन, आधुनिक गोठ निर्माण, जैविक मल, भकारो सुधार, दुग्ध उत्पादन, मासु उत्पादन, बाख्रा, गाई, भैँसी, बंगुर आदि पनि अनुदानमा समेटिएका थिए । आ.व. २०८०/०८१ मा १६ करोड ७७ लाख ८० रुपैयाँ विनियोजन भएको थियो । दूध उत्पादनको आधारमा अनुदानमा मात्र ११ करोड १४ लाख रुपैयाँ विनियोजित थियो । यसमा पशुधनीलाई प्रोत्साहन स्वरूप दुई रुपैयाँ प्रतिलिटर अनुदान दिने सरकारको कार्यक्रम थियो । अनुदान झापामा पाँच करोड ५१ लाख, मोरङमा दुई करोड ७० लाख, धनकुटामा दुई करोड १६ लाख, सुनसरीमा ६२ लाख र पाँचथरमा १५ लाख रुपैयाँ छुटाइएको थियो ।

*-बाह्रखरी डटकम*

# पूर्वी तराईमा जुटखेतीतर्फ किसानको आकर्षण घट्यो



जुटले उचित मूल्य नपाउँदा पूर्वी तराई क्षेत्रमा वर्षौंदेखि नगदेबालीका रूपमा लगाउने गरिएको जुटखेतीतर्फ किसानको आकर्षण घटेको छ । मोरङको धनपालथान गाउँपालिका-१ नोचाका किसान काशीनाथ चौधरीले लगानीअनुसारको बजार मूल्य नपाउँदा पुस्तौंदेखि गर्दै आएको जुटखेती छाड्दै गएको बताए ।

केही वर्ष अघिसम्म तीनदेखि पाँच बिघासम्ममा जुटखेती गर्दै आएकामा यस वर्ष एक बिघा १० कठ्ठामा मात्र खेती गरिएको उनले बताए । तराईका अन्य खेतीभन्दा जुटखेती धेरै झन्झटिलो भएका कारण पनि आकर्षण घट्दै गएको बताइएको छ । काम गर्ने जनशक्ति पनि अभाव रहेको छ ।

जहदा गाउँपालिका-७ का किसान राजनिश सिंहले जुटखेतीलाई आधुनिकीकरणतर्फ जोड्न नसक्दा र उचित मूल्य नपाउँदा पछिल्लो समय जुटखेतीको आकर्षण घट्दो रहेको बताए । किसानले जुटखेतीतर्फको आकर्षण घट्दो बताए पनि तथ्याङ्कमा भने वार्षिक रूपमा उत्पादन बढेको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा मोरङमा सात हजार तीन सय ५१ दशमलव ५० मेट्रिक टन, आव २०७९/८० मा सात हजार चार सय नौ दशमलव ५० मेट्रिक टन र आव २०८०/८१ मा सात हजार सात सय ३१ मेट्रिक टन जुट उत्पादन भएको हुँदा विगत वर्षमा भन्दा यस वर्ष उत्पादन बढेको कृषि ज्ञान केन्द्र विराटनगरका प्रमुख रामदेव सिंहले बताए । नेपालमा उत्पादित जुट सबै स्वदेशमै खपत हुन्छ । नेपालमा भारत र बङ्गलादेशबाट पनि जुट आयात हुने गरेको छ । *-रासस*



**नाली निर्माण :** पाल्पाको रामपुर नगरपालिका-५ स्थित बेझाडखेतमा सिँचाइका लागि पक्की र व्यवस्थित नाली निर्माण गरिँदै । *तस्बिरः सुशीला रेग्मी/रासस*

# बिरामी बोकेको एम्बुलेन्समा आगलागी



**वालिङ,** भदौ १५/बिरामी बोकेको एम्बुलेन्समा आगलागी भएको छ । स्याङ्जाको पुतली बजार नगरपालिका-११ करेनडाँडास्थित सिद्धार्थ राजमार्गमा वालिङबाट बिरामी बोकेर पोखरातर्फ गइरहेको एम्बुलेन्समा आगलागी भएको हो ।

गद्धौ प्रथामिक अस्पताल वालिङ स्याङ्जाशको ग १ भ्फ २७८ नम्बरको एम्बुलेन्समा एक्कासी आगलागी भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्ररही नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए । उनका अनुसार एम्बुलेन्समा अचानक गाडीको तार सर्ट भई आगालागी भएको हो ।

एम्बुलेन्समा आगो लागेपछि बिरामीलाई तत्काल बाहिर निकालेको एम्बुलेन्स चालक देवप्रसाद रेग्मीले बताए । उनले भने, 'एम्बुलेन्स चलिरहेको बेला गन्ध आयो र तत्काल हेर्दा मेरो बायाँतर्फ रहेको कागजात राख्ने बक्सबाट आगो बाहिर निस्कियो हामी अत्तालिँदै गाडीबाट बाहिर निस्कियौँ र ज्यान बचायौँ ।' एम्बुलेन्समा आगालागी भएपछि दमकल बोलाएर आगो नियन्त्रणमा लिइएको थियो । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक रानाले जानकारी दिए ।

# देशकै ठूलो अस्पताल...

...प्रदेश सरकारले अस्पतालका लागि चालु आवमा एक अर्ब ८० करोड बजेटसमेत विनियोजन गरेको छ ।

प्रदेश मातहत रहेको प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चरले नेपाली कम्पनी आशिष रेलिगशनसँग संयुक्त रूपमा काम गर्नेगरी २०८० पुस २६ गते सम्झौता गरेको थियो । सम्झौताअनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्ने छ । तत्कालीन प्रधानमन्त्री श्री ३ चन्द्र शमशेर जबराको पालामा वि.सं. १९६७ फागुन १५ गते ६ शैयाबाट सुरू भएको यो अस्पताल लुम्बिनी क्षेत्रकै सबभन्दा पुरानो र ठूलो अस्पताल हो । हाल अस्पतालमा ५ सय २४ बेडबाट बिरामीहरूलाई सेवा प्रदान भइरहेको छ । दैनिक दुई हजारदेखि २ हजार ५ सयसम्म बिरामीहरू उपचारका लागि आउने अस्पतालमा सामान्य अवस्थामा पनि ७० प्रतिशत बढी बेडहरू बिरामीले भरिने गरेको अस्पतालले जनाएको छ ।

## खेलकुद समाचार

# राहुलका छोरा समित भारतको यू-१९ टोलीमा



**काठमाडौं,** १५ भदा/भारतीय क्रिकेटका सफल पूर्वप्रशिक्षक तथा ब्याटर राहुल द्रविडका छोरा समित पहिलो पटक यू-१९ राष्ट्रिय टोलीमा परेका छन् ।

भारतले घरेलु मैदानमा अष्ट्रेलियासँग खेल्ने यू१९ एकदिवसीय र फोर डे सिरिजलाई समितलाई समेटेको हो । उनी दुबै सिरिजको लागि टोलीमा परेका छन् । १८ वर्षीय समित तीव्र गतिमा बलिङसँगै मध्यक्रममा ब्याटिङ गर्ने गर्दछन् । यसै वर्ष उनले फोर डे क्रिकेट अन्तर्गत कोच बेहार ट्रफीको उपाधि कर्नाटाकालाई पहिलो पटक जिताउन ८ खेलमा ३६२ रन बनाउनुको साथै १६ विकेट लिएका थिए । जसमा जम्मु कश्मिरविरुद्ध ९८ रन र फाइनलमा मुम्बईविरुद्ध २ विकेट सामेल थियो । अघिल्लो साता बेंगलोरमा भएको महाराजा टी २० प्रतियोगिता उनले मैसुरु वारियर्सबाट खेलेका थिए । उक्त प्रतियोगिता ७ खेलमा ८२ रन बनाउँदा उच्च प्रदर्शन ३३ रन थियो । भारत र अष्ट्रेलिया यू-१९ टोलीबीच तीन एकदिवसीय खेल २१, २३ र २६ सेप्टेम्बरमा पुडुचेरी तथा दुई फोर डे क्रिकेट चेन्नईमा ३० सेप्टेम्बरदेखि सुरु हुनेछ ।

**कोठा भाडामा**

तानसेन-४, कृषि कार्यालय माथि एटेज किचन सहितको सुविधा सम्पन्न कोठा भाडामा चाहिएमा निम्न नम्बरमा सम्पर्क गर्न सक्नु हुनेछ ।

*(नोटः विजुली, पानी र वाईफाई निःशुल्क हुनेछ ।)*

सम्पर्क : ९८४७०६७५०४

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# अब नेपालमै उत्पादित हाइड्रोजन कार



**हाम्रा संवाददाता**

**काठमाडौं,** भदौ १५/नेपालमै उत्पादित 'हाइड्रोजन कार' गुड्ने भएको छ । कारको सफल परीक्षणपछि हाइड्रोजन रिफ्युलिङ स्टेसन तथा हाइड्रोजन गाडीको औपचारिक उद्घाटन गरि यसको बाटो खुलेको हो ।

काठमाडौं विश्वविद्यालय (केयू)ले निर्माण गरेको मुलुककै पहिलो हाइड्रोजन रिफ्युलिङ स्टेसन तथा हाइड्रोजन गाडीको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेका हुन् । केयूद्वारा नेपाल आयल निगमको सहयोगमा स्थापित उक्त स्टेसनको एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरिएको हो । दुई वर्षभन्दा बढीको अध्ययन-अनुसन्धानपछि विश्वविद्यालयले गत चैत १८ मा हाइड्रोजन कारको सफल परीक्षण गरेको थियो । स्टेसनको सफल परीक्षण भएसँगै नेपालमै उत्पादित ग्रिन हाइड्रोजनबाट पहिलो पटक कार गुड्न सफल भएको हो । ग्रिन हाइड्रोजनबाट चल्ने कार अन्य कारभन्दा छुट्टै हुन्छ । विदेशबाट ल्याइएको यस्तो कारमा नेपालमै उत्पादित हाइड्रोजनले कार गुड्न सफल भएसँगै अब यसलाई व्यावसायिक उत्पादनमा समेत लैजान सकिने सम्भावना पुष्टि भएको छ ।

प्रधानमन्त्री ओलीले समेत हाइड्रोजन प्रविधिलाई सकेसम्म चाँडो व्यावसायिक प्रयोजनमा लैजाने बताएका छन् । यसका लागि आवश्यक पर्ने नीति तर्जुमा गर्ने उनको भनाइ छ । केयूले २०७७ साल साउनदेखि ग्रिन हाइड्रोजन ल्याब स्थापना गरी अनुसन्धान तथा प्रयोग गर्दै आएको छ । विशेषतः जलवायु परिवर्तनले निम्त्याउँदै गरेको वातावरणीय जोखिमलाई न्यूनीकरण गर्ने तथा जीवाश्म इन्धन खपतको कटौती गर्ने उद्देश्यले यो ल्याबको स्थापना गरिएको हो ।

केयूले २०८० साल कात्तिक १८ गते विधिवत् रूपमा नै पहिलोपटक हाइड्रोजन कार भित्र्याएको थियो । हुन्डाईको नेक्सो नामक व्यावसायिक हाइड्रोजन इन्धन कार नेपाल आयल निगमको पूर्ण अनुदान सहयोगमा ल्याइएको थियो । ३३ हजार अमेरिकी डलरमा ल्याइएको यो हाइड्रोजन कारमा सरकारले भन्सार छुट दिएको छ । हाइड्रोजन कार भनेको वास्तवमा विद्युतीय कार नै हो । यसमा विद्युतीय मोटर हुन्छ, त्यो मोटरलाई घुमाउनका लागि बिजुली चाहिन्छ । बिजुली ब्याट्रीको सीमित भण्डारण क्षमताले नपुग्ने हुनाले लामो दूरीमा चल्ने र भारी बोक्ने सवारीमा ब्याट्रीको सट्टामा हाइड्रोजन इन्धन भर्न सकिन्छ । हाइड्रोजनले गाडीभित्र नै फ्युल सेल भन्ने उपकरण हुन्छ, त्यसमा हाइड्रोजन इन्धन पसेपछि हाइड्रोजन र अक्सिजनको मिश्रण भएपछि पानी निकाल्छ । पानी निस्किने क्रममा त्यसले बिजुली पैदा गर्छ । त्यो बिजुलीले मोटर कुद्ने हो ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई